नेपाल सरकार

शिक्षा,विज्ञान तथा प्रविधि मन्त्रालय

# शिक्षा तथा मानव स्रोत विकास केन्द्र

योजना तथा अनुगमन शाखा

सानोठिमी,भक्तपुर

फोन : ०१–६६३१०७५
फ्याक्स : ०१–६६३५१३४


प.सं.:- २०८०/०८१
च.नं. २४२

मिति :२०८०।११।२०

**विषय : ReAL Plan कार्यान्वयन सम्बन्धमा ।**

**श्री स्थानीय तह ७५३,**

**सवै सामुदायिक विद्यालयहरू ।**

चालु आर्थिक बर्ष २०८०।८१ बाट विद्यार्थीको सिकाइ क्षति आपूरण तथा द्रुत सिकाइ अभिबृद्धि गर्ने प्रयोजनले सिकाइ आपूरण तथा द्रुत सिकाइ योजना (Recovery & Accelerated Plan 2023-28) स्वीकृत भइ कार्यान्वयनमा रहेको व्यहोरा अवगत नै छ । यसको कार्यान्वयनका लागि चालु आ.व.मा स्थानीय तहमा सशर्त अनुदानमा विद्यालय शिक्षा क्षेत्र योजनाको ***क्रियाकलपा नं २.७.१३.४९ कोभिड-१९ बाट पुगेको शैक्षिक क्षतिको परिपूरण तथा अन्य विपद् समयमा सिकाइ निरन्तरताका लागि कार्यक्रम तथा २.७.१३.४९ ३०१. ReAL Plan कार्यान्वयन सहजीकरण तथा विपदको समयमा सिकाइ निरन्तरताका लागि कार्यक्रममा*** बजेट तथा कार्यक्रम रहेको र सोको कार्यान्वयनका लागि कार्यक्रम कार्यान्वयन पुस्तिकामा कार्यान्वयन विस्तृतीकरण समावेश छ । चालु शैक्षिक सत्र तथा शैक्षिक सत्र २०८१ मा योजना कार्यान्वयन प्रक्रियालाई निरन्तरता दिन ReAL Plan कार्यान्वयनका लागि स्वीकृत दस्तावेजका अतिरिक्त यसैसाथ संलग्न विवरण अनुसारका कार्यहरू गर्नुहुन यस केन्द्रको मिति २०८०।११।२० को निर्णयानुसार अनुरोध छ ।

२०८०।११।२२

मुक्तादेवी पोखरेल

शाखा अधिकृत

**नोट:**

क. चालु शैक्षिक सत्र २०८० मा सघन रूपमा कार्यान्वयनमा रहेका स्थानीय तहले सम्पादित कार्यहरू विद्यालयस्तरको शिक्षक तालिम र विद्यार्थीको आधार परीक्षा (Baseline-Test) लाई IEMIS मा अनिवार्य रूपले प्रविष्टि गर्ने ।

ख. विद्यार्थीको सिकाइ आपूरण तथा द्रुत सिकाइका लागि सम्पादित क्रियाकलाप तथा Baseline मा प्रयोग गरेका परीक्षण साधन ( Diagnostic Tools) लाई प्रयोग गरेर शैक्षिक सत्र २०८० चैत्र महिनाभित्र Endline Test गरी सोको नतिजा IEMIS मा प्रविष्टि गर्ने ।

ग. आगामी शैक्षिक सत्र २०८१ मा यो कार्यक्रम कार्यान्वयन विद्यार्थी भर्ना पश्चात शैक्षिक सत्रको शुरूमै जेष्ठ महिनाभित्र तालिम सञ्चालन गरी विद्यार्थीको आधारभूत परीक्षा (Baseline Test) को नतिजा तयार गरी IEMIS मा प्रविष्टि गर्ने ।

नेपाल सरकार
शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय
शिक्षा तथा मानव स्रोत विकास केन्द्र
सानोठिमी, भक्तपुर

## ReAL Plan कार्यान्वयन प्रक्रिया

### १. स्थानीय तहबाट सम्पादन हुनुपर्ने कार्यहरु

क) स्थानिय तहले शिक्षा तथा मानव स्रोत विकास केन्द्रको वेभसाइट www.cehrd.gov.np को ReAL Menu मा रहेकका सामग्रीको स्थानीयस्तरका सरोकारवाला, स्थानीय जनप्रतिनीधि, स्थानीयस्तरमा कार्यरत संघसस्थाहरूको लागि अभिमुखिकरण सञ्चालन गर्ने,

ख) स्थानीय तहका विकास साझेदार संस्थाहारुको नक्सांकन, ReAL plan अन्तर्गत गर्नुपर्ने कार्यहरूको अभिमुखिकरण तथा ReAL कार्यक्रम कार्यान्वयनको लागि श्रोतको नक्सांकन गर्ने,

ग) स्थानीय तहमा उपलव्ध वजेटको स्थानीयमा सञ्चालन गर्ने तालिम, अनुगमन प्रतिवेदन लगायत अन्य आवश्यक क्षेत्रमा बजेट छुट्याई बाँकी रकम विद्यालयले सम्पादन गर्ने शिक्षक तालिम, परीक्षण सञ्चालन पहिलो र अन्तिम, सिकाइ आपुरण र द्रुत सिकाइका कार्यक्रम सञ्चालनको वजेट वाँडफाड सहित कार्यक्रम कार्यान्वयनको आधार समेत विद्यालयलाई उपलव्ध गराउने,

घ) विद्यालयबाट सञ्चालित कार्यको नियमित अनुगमन गरी कार्यसम्पादनको प्रगति केन्द्रमा पठाउने,

ङ) स्थानीय योजना (गाँउ/नगर शिक्षा योजना) मा ReAL Plan कार्यान्वयनका विषयवस्तु समावेस गर्ने,

च) ReAL Plan कार्यान्वयनका लागि एकजना कर्मचारीलाई कार्यक्रम संयोजक तोकी कार्यान्वयन सहजीकरणको व्यवस्था मिलाउने ।

### २. विद्यालयले गर्नुपर्ने कार्यहरू

क) शिक्षा तथा मानव स्रोत विकास केन्द्रको वेभसाइट www.cehrd.gov.np को ReAL Menu मा रहेकका सामग्रीको प्रयोग गरी ReAL Plan कार्यान्वयन सम्बन्धमा तोकिएका कक्षाका विषयगत शिक्षकहरुलाई विद्यालय स्तरमा सम्पादन गर्ने कार्यक्रमको विस्तृत अभिमुखीकरण गर्ने,

ख) तोकिएको कक्षा तथा विषयको विषयगत शिक्षकले Diagnostic Tools को प्रयोग गरी कक्षाका सवै विद्यार्थीको पूर्व परीक्षा- (Pre-Test/ Baseline Test) सञ्चालन गर्ने,

ग) उत्तरपुस्तिका परीक्षण गरी अंकन गर्ने । विद्यार्थी नतिजाका तथ्याङ्क इन्ट्री सिट तयार गर्ने । सो तयार गर्दा कक्षागत विषयत रुपमा विद्यार्थीको सही उत्तरलाई (१) तथा कमजोर/ गलत उत्तरलाई (०) मा साङ्केतीकरण गर्ने, ( ६०% माथि १ र ६०% तल ०) गरी जम्मा अंकलाइ सतप्रतिशत मानी विद्यार्थीको प्राप्तांकको प्रतिशत मार्कलेजर तयार गर्ने,

घ) तयार भएको मार्क लेजरलाई IEMIS मा तथ्याङ्क इन्ट्री गर्ने , (Baseline data entry )

ङ) तथ्याङ्कका आधारमा विद्यार्थीको वर्गीकरण गर्ने, (तह निर्धारण)

च) रिमेडियल शिक्षणको लागि विषयवस्तु छनोट/ उपयुक्त रणनीतिको अवलम्बन गर्ने, (न्यूनतम ६ देखि १० हप्ताको रणनीति अबलम्बन गर्ने )

छ) विद्यालयले रिमेडियल शिक्षणको लागि विषयवस्तु छनोट/ उपयुक्त रणनीतिको अवलम्बन गर्दा निम्न रणनीतिहरूमध्ये विद्यालय र शिक्षकले आवश्यकता र उपयुक्तता आधारमा तपशिलका विधिहरू अवलम्बन गर्ने ।

- शिक्षक विद्यार्थी सञ्जालको विकास
- पाठ्यवस्तु समायोजन ढाँचा कार्यान्वयन

नेपाल सरकार
शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय
शिक्षा तथा मानव स्रोत विकास केन्द्र
सानोठिमी, भक्तपुर

- Teaching at right level-TaRL विधिका आधारमा शिक्षण
- सिकाइ चौतारी (Learning portal) को प्रयोग
- विद्यालय शिक्षण अवधि विस्तार
- टोल सिकाइ सञ्चालन
- स्वयंसेवक तथा वैकल्पिक शिक्षक व्यवस्थापन
- सिकाइ आपूरणका लागि कार्यमूलक अनुसन्धान सञ्चालन
- स्वअध्ययन सामग्रीको विकास तथा प्रयोग
- अभिभावक शिक्षा सञ्चालन
- गृह विद्यालय सञ्चालन
- मातृभाषामा शिक्षण
- सिकाइका लागि अभिभावक परिचालन
- परियोजना तथा समुदायमा आधारित सिकाइ क्रियाकलाप सञ्चालन
- शिक्षण स्रोत सामग्री
- साथी समूह सिकाइ
- दिदीबहिनी/दाजुभाइ सिकाइ
- विद्यार्थी स्व – मूल्याङ्कन
- श्रव्यदृश्य सामग्रीको प्रयोग
- विद्यार्थी मनोसामाजिक परामर्श सञ्चालन

ज) विद्यालयले Baseline data Entry पश्चात न्यूनतम ६ देखि १० हप्ताको सिकाइ रणनीति अवलम्बन गरेपश्चात मात्र Endline परीक्षा गरेर data Entry गर्ने,

झ) विद्यार्थी बर्गीकरणका आधारमा तह एक देखि ३ सम्मका विद्यार्थीको मात्र End line result IEMIS मा Reporting गर्ने,

ञ) पूर्व परीक्षा- (Pre-Test) मा प्रयोग भएका Diagnostic Tools प्रयोग गरी Post test सञ्चालन गर्ने, (End-line data entry)

ट) विद्यालयको शैक्षिक योजनामा सिकाई आपुरण, सिकाई रणनिति तथा प्रयोगलाई समावेश गरि अध्यावधिक गर्ने,

ठ) सामुदायिक विद्यालयहरूले ReAL Plan कार्यान्वयनका लागि सम्पर्क शिक्षक (Focal Teacher) तोकी कार्यक्रम सञ्चालन, प्रतिवेदन र रिपोर्टिङको व्यवस्था गर्ने, गराउने ।

**३. ReAL Plan को कार्यान्वयनमा कुनै विषयमा स्पटता आवश्यक परेमा यस केन्द्रको शाखा अधिकृत मुक्तादेवी पोखरेल (मोवाइल नं ९८४९३५७१७९) तथा IEMIS मा तथ्याङ्क प्रविष्टि समवन्धमा शाखा अधिकृत प्रविणबावु भट्टराइ (मोवाइल नं ९८५११११९९२) सँग सम्पर्क गर्न सकिनेछ ।**